दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईंको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१

वर्ष ३६ | अंक ३०४ | बुटवल | २०८१ कार्तिक २६, गते सोमबार | नेपाल संवत ११४५ | Monday Nov.11, 2024 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

## लामिछाने थप १३ दिन हिरासतमा



बुटवल । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेलाई थप १३ दिन हिरासतमा राख्न कास्की अदालतले अनुमति दिएको छ । आइतबार कास्की अदालतका न्यायाधीश नवराज दाहालको इजलासले रविलाई थप १३ दिन हिरासतमा राखेर अनुसन्धान गर्न प्रहरीलाई अनुमति दिएको हो ।

अनुसन्धानका लागि अदालतले पछिल्लो पटक दिएको म्याद सकिएपछि रविमाथि थप अनुसन्धान गर्नका लागि पुनः म्याद थप गरिएको हो । रविसँगै सहकारी ठगी प्रकरणमा हिरासतमै रहेका पूर्वडीआइजी छविलाल जोशी, लीला पछाई र रामकुमार खनाललाई पनि १३ दिन म्याद थप गरिएको छ ।

उनीहरुविरुद्ध सहकारी ठगी, सम्पत्ति शुद्धीकरण र सङ्गठित अपराधको समेत मुद्दा छ ।

## पूर्वमन्त्री अधिकारी पक्राउ



काठमाडौं । मानव तस्करीको आरोप लागेका कोशी प्रदेशसभा सदस्य तथा निवर्तमान मन्त्री लिलाबल्लभ अधिकारीलाई प्रहरीले पक्राउ गरी काठमाडौं पुऱ्याएको छ ।

आइतबार मोरङको विराटनगरमा पक्राउ परेका उनलाई हवाइजहाजमार्फत् काठमाडौं लगिएको हो । त्रिभुवन विमानस्थलबाट उनलाई जिल्ला प्रहरी परिसर काठमाडौंमा लगिएको र अदालतबाट दुई दिन थुनामा राखी अनुसन्धान गर्न अनुमति लिइएको परिसरका प्रवक्ता एसपी नवराज अधिकारीले जानकारी दिए ।

जापान भ्रमणमा जाँदा असम्बन्धित व्यक्तिलाई पनि सँगै लिएर गएपछि उनीमाथि मानव तस्करीको आरोप लागेको थियो । भ्रमण विवादमा परेपछि उनले मन्त्री पदबाट राजीनामा दिएका थिए भने नेकपा एमालेले उनलाई पार्टीका पदहरुबाट निलम्बन गरेको छ ।

# रूपन्देहीमा उद्योग, व्यवसाय बन्द हुने क्रम बढ्दो

### आर्थिक वर्ष २०७९/०८० मा २१७ उद्योग बन्द भएकामा २०८०/०८१ मा ३५४ वटा उद्योग बन्द भएका छन् ।

**मोहम्मद हबिब**

*भैरहवा*

रुपन्देहीमा पछिल्लो समय उद्योग र व्यवसाय बन्द हुने क्रम बढ्दो रहेको पाइएको छ । घरेलु तथा साना उद्योग कार्यालय र वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालयको तथ्याङ्कअनुसार विगतका वर्षहरुको तुलनामा उद्योग र व्यवसायिक फर्महरुको नविकरण घट्नु र नयाँ फर्म दर्ता न्यून मात्रामा भएको पाइएको छ । विविध कारण देखाउँदै उद्योग र व्यवसायहरु बन्द हुँदै गएका छन् ।

आव २०७९/०८० मा एक हजार १३० वटा उद्योग दर्ता भएकोमा गत आवमा ८३७ वटा उद्योग मात्रै दर्ता भए, यस्तै आव २०७९/८० मा २१७ उद्योग बन्द भएकामा आव २०८०/८१ मा ३५४ वटा उद्योग बन्द भएको छ । आवको दुई महिनामै १०८ वटा उद्योग बन्द भएका छन् । साउनमा ९१ उद्योग दर्ता हुँदा ४१ बन्द भएका र भदौमा १७३ उद्योग दर्ता हुँदा ६७ वटा बन्द भएको घरेलु तथा साना उद्योग कार्यालय प्रमुख लोककुमार कार्कीले बताए ।

कार्कीका अनुसार आर्थिक वर्ष २०७९/८० मा ८४ वटा उत्पादनमूलक, ६३ वटा सेवामूलक, ५१ वटा पर्यटन र १९ वटा कृषि तथा वनजन्य गरी दुई सय १७ वटा उद्योग बन्द भएका थिए । सोही अवधिमा कृषि तथा वनजन्य ४१९, उत्पादनमूलक २८१, सेवामूलक २४४ र पर्यटन उद्योग १८६ वटा गरी एक हजार १३० वटा उद्योग दर्ता भएको थिए । तथ्याङ्कअनुसार आव २०७९/८० को तुलनामा आव २०८०/८१ मा उद्योग दर्ताको संख्या घटेको र उद्योग बन्द गर्नेको संख्या बढेको छ ।

वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालयका अनुसार पनि ३ वर्षमा नविकरण गर्नेको संख्यामा बढोत्तरी हुँदै गएको छ । कार्यालयका अनुसार २०७९ मा ४ हजार २ सय १४ वटा प्राइभेट फर्म र २ सय ६ वटा साझेदारी फर्म नविकरण गरेको थियो । २०८० मा यो संख्या करिब १ हजारले घटेर प्राइभेट फर्म ३ हजार २ सय ३९ पुग्यो भने साझेदारी फर्म २०७ रह्यो । यस्तै यो वर्षको ६ महिनामा २ हजार ४ सय ९१ वटा प्राइभेट र १२० वटा साझेदारी फर्म नविकरण भएको छ । नयाँ दर्ताको संख्यामा पनि घटेको छ । आर्थिक वर्षको सुरुवात प्राय गरिने नयाँ फर्म दर्ता पहिलो महिनामा २१ वटा प्राइभेट र २ वटा साझेदारी फर्म दर्ता भएको छ भने भदौमा १७ वटा प्राइभेट र २ वटा साझेदारी फर्म दर्ता भएको कार्यालयका कम्प्युटर अपरेटर श्रीराम उपाध्यायले जानकारी दिए ।

कोभिड-१९ को असरसँगै लगत कट्टा गराउनेको संख्या बढ्दै गएको छ । लगानी अनुसारको प्रतिफल नपाएपछि सञ्चालकहरुले बन्द गर्नुपर्ने बाध्यत्मक स्थिति बन्ने गरेको छ । यसका साथै आर्थिक मन्दीका कारण घरभाडा, कर्मचारी तलब, बैंक किस्ता समयमा भुक्तानी गर्न नसक्दा , बैंकको ब्याज वृद्धि हुनु, आर्थिक तरलतालगायत कारणले उद्योग तथा वाणिज्य फार्म बन्द गर्नुपरेको उनी बताउँछन् । जिल्लामा व्यवसायी विस्थापित हुने क्रम बढ्दै गएपछि यी फर्मले लगतकट्टा गरेको कार्यालयले जानकारी दिएको छ । कार्यालयका अनुसार बन्द हुनेमा उद्योगभन्दा वाणिज्य फार्म बढी रहेका छन् । धमाधम उद्योगहरु बन्द हुँदा यस्को असर सबैतिर पर्ने गरेको छ ।



साना स्वरोजगार हुने उद्योगहरुमा आर्थिक मन्दी बढी परेको छ, ती उद्योगहरु बढी खारेज गर्न कार्यालय आउने गरेको तथ्याङ्क छ । साना उद्योग व्यावसाय बन्द हुँदा सोहीअनुसार रोजगारी पनि खोसिदै गएको छ । रोजगारी गुमेको छ भने व्यवसाय बन्द भएपछि बजारका व्यावसायिक सटरहरु पनि खाली भएका छन् । कैयौं उद्योगी व्यवसायी विस्थापित समेत हुन पुगेका छन् ।

अहिले नयाँ उद्योग तथा व्यवसाय फर्मको दर्ता गर्दा स्थानीय पालिकामार्फत् पाँच लाखसम्मको उद्योग वा व्यापारिक फर्महरु दर्ता हुने व्यवस्था भएकोले पनि यहाँ कार्यालयमा साना उद्योगको दर्ता घटेको छ ।

जिल्लामा सञ्चालित साढे १८ हजार घरेलु तथा साना उद्योगमा करिब ४४ अर्ब लगानी भएको छ । यसबाट ४६ हजार जतिले रोजगारी पाएका छन् । यसमध्ये ७० प्रतिशत महिला मात्रै रोजगाररत छन् । उत्पादन, कृषि तथा वन, पर्यटन र सेवामूलक नयाँ उद्योग थपिने क्रम घट्दै जानु र पूराना उद्योग बन्द हुँदा निजी क्षेत्रमा निराशा छाएको छ । राज्यले श्रमप्रधान तथा उर्जा खपत न्यून हुने प्रकृतिका उद्योगलाई घरेलु र पाँच करोडसम्मको स्थिर पूँजी लगानी हुने उद्योगलाई साना उद्योगअन्तर्गत राखेको छ ।

बन्द हुने उद्योगमा उत्पादनमूलक, कृषि तथा वन, सेवामूलक लगायतका बढि छन भने वाणिज्यतर्फका किराना, फेन्सी, हार्डवेयर, कपडा, कस्मेटिक, इलेक्ट्रिक,मोबाइल कम्प्युटर, मदिरा र विविधका फर्महरु बन्द भएको कार्यालयले जनाएको छ । आर्थिक स्थिति असहज बनेपछि साना उद्योग र वाणिज्य फर्म नवीकरण नभएर बन्द हुन पुगेका छन् । सिद्धार्थ उद्योग वाणिज्य संघ रुपन्देहीका अध्यक्ष ठाकुरकुमार श्रेष्ठले राज्यको नीतिगत कारण, झन्झटिलो प्रक्रिया, आर्थिक मन्दी, कामदार नपाउने र चलिरहेको उद्योगको उत्पादनमा कमी आएकोले उद्योगी-व्यवसायीले आफ्नो फर्म बन्द गर्न बाध्य भएको बताए ।

उद्योग र व्यापारिक फर्मको संख्या घट्नु भनेको निजी क्षेत्र धरासायी हुँदै गएको हो, यो चिन्ताको विषय हो । तीन तहको सरकार भएको मुलुकमा एउटा साना उद्योगका लागि ३ ठाउँमा दर्ता गर्नुपर्ने, ३ ठाउँमा कर तिर्नुपर्ने झन्झटिलो प्रक्रिया एकातर्फ छ भने बजार संकुचित भएकोले उपभोक्ता र उत्पादनमा कमी आयो, यो रुपन्देहीमा मात्रै होइन नेपाल भरिकै अवस्था रहेको छ ।

» बाँकी ३ पेजमा

# मंसिर २० देखि लुम्बिनी महोत्सव




**लुम्बिनी संवाददाता**

*भैरहवा*

सिद्धार्थ उद्योग वाणिज्य संघ, रुपन्देहीको आयोजनामा आउँदो मंसिर २० गतेदेखि भैरहवामा 'नवौं लुम्बिनी राष्ट्रिय महोत्सव-२०८१' हुने भएको छ । 'पर्यटन, उद्योग, कृषि र व्यापार, राष्ट्रिय समृद्धिको आधार' भन्ने मूल नाराका साथ पुस १ गतेसम्म सञ्चालन हुने उक्त महोत्सवमा विभिन्न सेवा तथा बस्तुका ३ सय वटा स्टल रहने आयोजकले आइतबार भैरहवामा पत्रकार सम्मेलन गरी जानकारी गराए । ३ सय स्टलमध्ये संघमा आबद्ध सदस्य व्यवसायीलाई १० वटा स्टल निःशुल्क दिइने संघले जनाएको छ ।

महोत्सवले भैरहवा क्षेत्रको आर्थिक चलायमान बनाउन महत्वपूर्ण टेवा पुग्नेसंघका अध्यक्ष तथा महोत्सव मूल आयोजक समितिका संयोजक ठाकुरकुमार श्रेष्ठले बताए । आर्थिक मन्दीको असर कायमै रहेका बेला मेला-महोत्सवको अनुकुल नभएको भए पनि स्थानीय व्यवसाय प्रवर्द्धनका लागि महोत्सवको आयोजना गरिएको श्रेष्ठले बताए ।

महोत्सव नाफा कमाउने उद्देश्यले आयोजना गरेको नभई स्थानीय व्यवसायको प्रवर्द्धन गर्नका लागि निरन्तरता दिएको उनको भनाइ छ । महोत्सव अवधिमा स्थानीय उत्पादन तथा व्यवसाय प्रवर्द्धन गर्नका लागि विभिन्न विषयगत विज्ञसहितको अन्तरक्रिया तथा छलफल कार्यक्रम गरेर महोत्सवलाई सार्थक बनाइने दाबी उनले गरे ।

महोत्सवले स्वदेशी उत्पादन तथा गुणस्तरीय बस्तु तथा सेवाहरुको उपभोगप्रति उपभोक्ताहरुलाई जागरुक बनाई सीमावर्ती बजारहरुमा पाइने सामानहरुबिचको तुलनात्मक मूल्यका बारेमा जानकारी दिने र स्थानीयस्तरमा उत्पादित घरेलु तथा हस्तकलाका सामग्रीको बजार प्रवर्द्धन गर्ने विश्वास लिइएको उनले जनाए ।

रुपन्देहीलाई पर्यटकीय, औद्योगिक तथा व्यापारिक केन्द्रको रुपमा बिस्तार गर्न, यस क्षेत्रको विभिन्न जाति तथा समुदायको कला संस्कृतिको संरक्षण गर्दै विशेष गरी सिद्धार्थनगर र लुम्बिनीमा देशको आन्तरिक र बाह्य पर्यटन प्रवर्द्धन गर्ने, विभिन्न जिल्लाका मौलिक तथा विशिष्टता पहिचान भएको बस्तु तथा उत्पादनको प्रदर्शनी तथा प्रवर्द्धन गर्ने मुख्य उद्देश्य महोत्सवको रहेको संघका वरिष्ठ उपाध्यक्ष नेत्रप्रसाद आचार्यले बताए ।

महोत्सवलाई सफल र सार्थक बनाउन आयोजक सिद्धार्थ उद्योग वाणिज्य संघको मात्र नभएर भैरहवाका स्थानीयवासीको महत्वपूर्ण भूमिका रहने आचार्यले अपेक्षा गरे । महोत्सवको अवलोकन गर्नका लागि उत्साहित बनाउने वातावरण तयार गरी महोत्सवमा भएका गतिविधिलाई उजागर गरिदिन उनले सञ्चारकर्मीहरुलाई आग्रह गरे ।

लुम्बिनी प्रेस क्लबका अध्यक्ष कमल रायमाझीले सिद्धार्थ उद्योग वाणिज्य संघले महोत्सवलाई निरन्तरता दिन सक्नु ठूलो कुरो भएको र दैनिक हजारौंको संख्यामा सामान किनमेलका लागि सीमावर्ती भारतीय बजार पुग्ने गरेका नेपाली उपभोक्ताको प्रवृत्ति चुनौतीपूर्ण बन्दै गएकाले यसतर्फ विशेष पहल गर्नु पर्ने बताए ।जिल्लामा सरुवा भई आउने सुरक्षा प्रमुखलगायतका अन्य कर्मचारीलाई सर्वेसर्वा मानेर आवश्यकताभन्दा धेरै महत्व दिने गर्नाले सीमावर्ती जिल्लाहरुमा व्यापक रुपमा चोरी तस्करी बढ्ने गरेको उनले बताए ।

महोत्सव अवधिमा बुद्ध जन्मस्थल लुम्बिनी र बुद्धसँग सम्बन्धित रहेका तिलौराकोट, देवदह, रामग्राम जस्ता पुरातात्विक तथा पर्यटकीय स्थलहरुमा विशेष प्याकेज बनाइ भ्रमणको व्यवस्था गराइएको महासचिव कृष्णप्रसाद घिमिरेले जानकारी दिए ।

» बाँकी ३ पेजमा

प्रो. मञ्जु एण्ड सन्स्
फोन: ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
KKJ
न्यू कुमकुम ज्वेलर्स
वि.पि. चोक, बुटवल-८, रुपन्देही
विगत १५ वर्षदेखि
तपाईंको सेवामा समर्पित
स्वदेशी तथा विदेशी डिजाईनका शुद्ध
सुन चाँदीबाट बनेका गर-गहनाको
एकमात्र विश्वासिलो पसल
पुराना गहनाहरु संग नयाँ गहना साट्नुका साथै
खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

# सम्पादकीय

## ०५६ सालदेखि कक्षा ११ र १२ अनुत्तीर्ण विद्यार्थीलाई परीक्षाको मौका

राष्ट्रिय परीक्षा बोर्डले २०५६ सालमा परीक्षामा सहभागी भएकादेखि २०७७ सालमा सहभागी भएर अनुत्तीर्ण भएका कक्षा ११ र १२ का परीक्षार्थीका लागि एकपटक मौका परीक्षा दिन पाउने व्यवस्था गरेको छ।

बोर्डले आइतबार सूचना जारी गर्दै विगतका परीक्षामा सहभागी भएर उत्तीर्ण हुन नसकेका वा तोकिएको ग्रेड प्राप्त गर्न नसकेका २१ वर्ष पुराना परीक्षार्थीका लागि मौका परीक्षा दिन पाउने व्यवस्था गरेको जानकारी गराएको छ।

सूचनाअनुसार बोर्डबाट सम्बन्धन लिएर सञ्चालित शैक्षिक संस्थामा यसअघि अध्ययन गरेका तर परीक्षामा अनुत्तीर्ण वा अनुपस्थित भएका जतिसुकै पुराना विद्यार्थीले पनि मौका परीक्षा दिन पाउने छन्।

पहिलो पटक २०५६ सालमा परीक्षामा सहभागी भएकादेखि २०७७ सालमा सहभागी भएर अनुत्तीर्ण भएका २१ वर्षको अवधिमा सञ्चालन गरिएको नियमित तथा मौका परीक्षामा सहभागी भएर पनि अनुत्तीर्ण भएका परीक्षार्थीलाई मौका परीक्षा दिन पाउनु सकारात्मक छ। यो २१ वर्षको अवधिमा अनुत्तिर्ण परीक्षार्थीको संख्या करिब १४ लाख रहेको अनुमान छ। तर यति लामो अवधिपछि परीक्षा दिन पाउने व्यवस्थाले अनुत्तीर्ण विद्यार्थीहरु उमेरले पनि धेरै पाको भइसकेका छन्, जसका कारण पढाइलाई निरन्तरता दिन अपवादबाहेक इच्छुक नहुने भएकाले यो परीक्षामा ज्यादै थोरै सहभागी हुने अनुमान छ।

यो निकै ठूलो संख्या हो। तर कति जनाले मौका परीक्षाका लागि फारम भर्छन् भन्ने यकिन छैन। मौका परीक्षामा सहभागी हुन फाराम भर्ने परीक्षार्थीको संख्या हेरेपछि कहिलेदेखि मौका परीक्षा सञ्चालन गर्ने भन्ने विषयमा बोर्डले निर्णय गर्नेछ। धेरै विद्यार्थीले नै मौका परीक्षामा सहभागी हुन फाराम भरे भने चरणबद्ध रूपमा परीक्षा सञ्चालन गर्ने बोर्डको तयारी छ।

राष्ट्रिय परीक्षा बोर्ड (तत्कालीन उच्च माध्यमिक शिक्षा परिषद्) ले २०५२ सालदेखि कक्षा ११ को पढाइ सुरु गरेको थियो। सुरुवाती तीन वर्षसम्म त्रिभुवन विश्वविद्यालयको तत्कालीन प्रवीणता प्रमाणपत्र तह प्रथम वर्ष र द्वितीय वर्षको पाठ्यक्रममा आधारित भएर कक्षा ११ र १२ को पढाइ सञ्चालन गरिएको थियो।

तत्कालीन परिषद्ले २०५६ सालदेखि भने आफ्नै पाठ्यक्रमबाट कक्षा ११ र १२ को पढाइ सञ्चालन गरेको थियो। २०५२ देखि २०५५ सालसम्मका विद्यार्थीले पनि मौका परीक्षा माग गरेर आए भने फेरि निर्णय गरेर मौका परीक्षाको व्यवस्था गरिने बोर्डको भनाइ छ। विगतमा परीक्षा दिएर अनुत्तीर्ण भएका तथा परीक्षामा अनुपस्थित भएका विद्यार्थी आउने बैशाखमा हुने परीक्षामा सहभागी हुन पाउने छन्।

यस्ता विद्यार्थीलाई आगामी मङ्सिर २७ गतेभित्रमा आफूले अध्ययन गरेको शैक्षिक संस्थामा गएर परीक्षा फाराम भर्न पनि बोर्डले अनुरोध गरेको छ। कक्षा १२ का लागि रजिस्ट्रेसन नम्बरको सुरुका दुई अङ्क ५६ वा सोभन्दा बढी र ७७ वा सोभन्दा कम तथा कक्षा ११ का लागि ५६ वा सोभन्दा बढी र ७६ वा सोभन्दा कम भएकालाई अन्तिम एक पटकको मौका दिइने छ। जे होस् यो व्यवस्थाले मौका परीक्षा दिएर आफ्नो शैक्षिक योग्यता अघि बढाउन चाहने विद्यार्थीका लागि भने यो निर्णय सकारात्मक छ।

# सनातन धर्म र मुक्ति



प्रा.डा.नारायणकुँवर

*सनातन धर्मको उच्चतम साधना सहज छ। यो कुनै जाति, वर्ण वा सम्प्रदायसँग सम्बन्धित छैन। समाजिक र आर्थिक स्तरसँग पनि सम्बन्धित छैन। सबैको लागि बराबर पहुँच भएकाले कुनै प्रकारको भेदभाव छैन। राम्रोसँग साधना गर्‍यौंभने जो-कोहीले पनि जन्म-चक्रको बन्धनबाट मुक्त हुन आत्मज्ञान प्राप्त गर्न सक्छ।*

मानव जन्मको उद्देश्य जन्म-मरण चक्रको बन्धनबाट मुक्त हुन आत्मज्ञान प्राप्त गर्नु हो। हिन्दु अर्थात् सनातन धर्मले आत्मज्ञान प्राप्त गर्न उच्चतम अध्यात्मिक ज्ञान दिएको छ।

चेतना विकासको क्रममा जीवात्माले विभिन्न वनस्पति र प्राणीको रूपमा चौरासी लाख जूनी पार गर्दै मानव जूनीमा प्रवेश गरेको हुन्छ। मानव जूनीमा पनि चेतनाको विकास गरेर परमचेतना प्राप्त गर्न हजारौँ जन्म लाग्न सक्छ। तर, उपयुक्त साधनाद्वारा कुनै पनि जन्ममा परमचेतना प्राप्त गर्न सकिन्छ। परमचेतनाको प्राप्तिलाई आध्यात्ममा आत्मज्ञान भनिन्छ।

आत्मज्ञान प्राप्त गर्न किन हजारौं जन्म लाग्छ भनेर बुझ्नको लागि सर्वप्रथम सनातन धर्मको आधारभूत सिद्धान्तहरूलाई बुझ्न आवश्यक हुन्छ।

सनातन धर्मका दुई आधारभूत सिद्धान्तहरू हुन्- कर्मको सिद्धान्त र त्योसँग सम्बन्धित जन्म-मरण चक्रको सिद्धान्त। उक्त सिद्धान्तहरू अनुसार हामीले गरेको प्रत्यक कार्यबाट हाम्रो कर्म बन्छ र त्यो कर्मले ढिलो-चाँडो फल दिन्छ, तत्कालीन वा आउने कुनै जन्ममा। उदाहरणको लागि हामीले कसैलाई कुनै प्रकारको हानी-नोक्सानी पुर्‍यायौँ भने त्यो व्यक्तिले ढिलोचाँडो अवश्य बदला लिन्छ। त्यो बदला हाम्रो कर्मको फल हो। प्रत्यक कर्मको फल हामीले भोग्नैपर्छ, तत्कालिन वा आउने कुनै जन्ममा।

तत्कालिन जन्ममा फल दिने कर्मलाई क्रियामण कर्म भनिन्छ। तर, कुनै कर्मले तत्कालिन जन्ममा फल दिएन भने त्यो कर्म संचित हुन्छ। विगतका कयौं जन्मदेखि विभिन्न प्रकारका कर्महरू संचित भएर बसेका हुन्छन्। संचित कर्महरूमध्ये केहीले आउने कुनै जन्ममा फल दिन्छन्। त्यस्तो कर्मलाई प्रारब्ध कर्म भनिन्छ। यो जन्ममा हामीले भोगेका कतिपय अवस्था हाम्रो पूर्वजन्मका कर्मका फल हुन् अर्थात् ती हाम्रो प्रारब्ध कर्म हुन्।

हाम्रा इच्छा-आकांक्षाबाट पनि कर्म बन्छन्। तत्कालीन जन्ममा पूरा हुन नसकेका इच्छा-आकांक्षाहरू पनि कर्म बनेर संचित हुन्छन्। आफ्ना इच्छा-आकाङ्क्षा पूरा गर्न जीवात्माको फेरि जन्म हुन्छ।

समभाव भएर भोग्यो भने यो जन्मको प्रारब्ध कर्म मेटिन्छ, नत्र यो जन्मको प्रारब्ध कर्मबाट फरि कर्म बनेर संचित हुन्छ। यही क्रमले संचित कर्म मेटिन धेरै कठिन हुनेहुनाले जन्म-मरणको चक्र चलिरहन्छ। तर, आत्मज्ञानद्वारा सम्पूर्ण संचित कर्म मेटिन्छ जसबाट जन्म-मरणको चक्र सधैंको लागि अन्त्य हुन्छ।

सनातन धर्मअनुसार आत्मज्ञान प्राप्तिको लागि तीन सिँढी उक्लनुपर्ने हुन्छ। पहिलो सिँढी मन र शरीरको शुद्धिकरण हो। सत्य बोल्नु, चोरी नगर्नु, अरुको हानी-नोक्सानी नगर्नु, समाजिक मर्यादाको पालना गर्नु जस्ता नैतिक आचरणहरूबाट शरीर र मनको शुद्धीकरण हुन्छ।

पुराणहरूको मुख्य उद्देश्य मन र शरीरको शुद्धिकरणको लागि नैतिक शिक्षा दिनु हो। उपन्यासमा जस्तै कतिपय विषयबस्तु काल्पनिक भएता पनि पुराणहरूले रोचक कथाद्वारा सर्वसाधारणलाई धर्मप्रति आकर्षित गर्छन्। पुराणहरूमा सनातन धर्मका उच्चतम ज्ञानहरू पनि पाइन्छ।

सनातन धर्मको दोश्रो सिँढी हो अपराभक्ति। पूजा-पाठ, जप-तप, तीर्थ-ब्रतजस्ता क्रियाकलापहरू अपराभक्ति हुन्। अपराभक्ति बहिर्मुखी साधना भएकाले यसमा द्वेतभाव हुन्छ, अर्थात् भक्तलाई आफू परमात्माबाट भिन्न हुँ भन्ने भाव हुन्छ। द्वेतभावबाट आत्मज्ञान नहुने भएकाले अपराभक्तिलाई शुद्ध भक्ति मानिँदैन।

शुद्ध भक्ति नभए पनि प्रायः सबै हिन्दुहरू अपराभक्तिमा नै सीमित छन्। पूजा-पाठ, जप-तप, तीर्थ-ब्रतजस्ता बहिर्मुखी क्रियाकलाप नै सनातन धर्म हो भन्ने विश्वास छ ऊनीहरूमा। मुक्तिको लागि त्यो भन्दा उच्चस्तरको साधना आवश्यक हुन्छ भन्ने जानकारी उनीहरूमा भएको पाइँदैन।

अपराभक्ति शुद्ध भक्ति नभएता पनि माथिल्लो सिँढी उक्लन यसको आवश्यकता पर्छ। अपराभक्तिबाट मन र शरीरको शुद्धिकरण हुन्छ र परमात्माप्रति भक्तिभाव जाग्छ।

पराभक्ति सनातन धर्मको अन्तिम सिँढी अर्थात् शिखर हो। उपनिषद्अनुसार ब्रह्म निर्गुण र निराकार हुन्। निराकारको अर्थ हो ब्रह्मको कुनै रूप छैन। निर्गुणको अर्थ हो ऊनी हाम्रो ज्ञानेन्द्रियदेखि पर छन्, अर्थात् उनलाई हाम्रो ज्ञानेन्द्रियद्वारा बुझ्न सकिँदैन। ब्रह्मलाई सत्चितानंद पनि भनिन्छ। 'सत'को अर्थ हो सत्य। ब्रह्मको कुनै आदि र अंत्य छैन, त्यसैले ऊनी सत्य हुन्। 'चित्' को अर्थ हो परमचेताना। ब्रह्म परमचेतना हुन् र आनंदमय पनि हुन्। पराभक्ति उनै निर्गुण, निराकार सत्चितानंद ब्रह्मसँगको एकाकार (योग) को लागि गरिने भक्ति हो। यो अन्तर्मुखी भक्ति हो।

ब्रह्म, परमात्मा र भगवान यौटै परमचेतनाको अलग-अलग नाम हो। परमचेतनालाई वेदान्त दर्शनमा ब्रह्म भनिन्छ भने योग दर्शनमा परमात्मा भनिन्छ। भक्तहरू त्यही परमचेतनालाई भगवानको नामले पुकार्छन्। ब्रह्म र ब्रह्माबीचको भिन्नता पनि बुझ्नुपर्छ। शास्त्रअनुसार ब्रह्मका तीन कार्य छन्- सृजना, पालन र संहार। सृजनाको कार्य ब्रह्माको, पालनको विष्णुको र संहारको शिवको रहेको छ।

उपनिषद्ले जीव (आत्मा) र ब्रह्म (परमात्मा) द्वेत होइनन्, अद्वेत हुन् भनेको छ। समुन्द्रको छाल र समुन्द्र अलग नभएजस्तै जीव र ब्रह्म पनि अलग होइनन्। 'तत्वं असि' (तिमी त्यही ब्रह्म हौ), 'अहं ब्रह्मास्मि' (म ब्रह्म हुँ), 'यह आत्म ब्रह्म' (यो आत्मा ब्रह्म हो) जस्ता उपनिषद्का महावाक्यहरूले जीव र ब्रह्म अद्वेत हुन् भनेर प्रष्ट पारेका छन्।

पराभक्ति त अद्वेतको साधना हो। यो ब्रह्मसँगको एकाकारको साधना हो। अद्वेतको साधनाबाट साधकलाई आफ्नो वास्तविक स्वरूप पनि ब्रह्मको जस्तै सत्य, परमचेताना र आनन्दमय रहेछ भन्ने अनुभूति हुन्छ। आफू र ब्रह्मबिच कुनै भेद रहेनछ भन्ने अनुभूति हुन्छ। उसलाई 'अहं ब्रह्मास्मि'को ज्ञान हुन्छ। त्यो ज्ञान नै आत्मज्ञान हो। आत्मज्ञान हुने भएकाले पराभक्तिलाई शुद्ध भक्ति मानिन्छ।

चार धाम स्थापना गर्ने आदी शंकराचार्यले विभिन्न प्रकारका साधनाको स्तरलाई यौटा श्लोकद्वार यसरी व्यक्त गर्नुभएको छ-

उत्तमो ब्रह्मसदभावो ध्यानभावस्तु माध्यम।
स्तुतीजपोधमो भावो बाह्यपूजधमाधम॥

भावार्थः ब्रह्मसदभाव उत्तम हो, ध्यानभाव मध्यम हो, स्तुतिजपभाव अधम हो र पूजा-पाठ जस्ता बहिर्मुखी क्रियाकलाप अधममा पनि अधम हो। ब्रह्मसदभावको अर्थ हो समाधि। ध्यानको साधना गर्दै जाँदा कुनै बेला जब चेतना स्थिर हुन्छ, निर्विचार हुन्छ, चेतनाको त्यो स्थिरतालाई समाधि भनिन्छ। भागवत गीतामा भगवान् कृष्णले चेतनाको स्थिरतालाई 'स्थितप्रज्ञ' भन्नुभएको छ।

धर्मका दुई पाटा हुन्छन ; यौटा पाटो अध्यात्म र अको पाटो संस्कृति हो। अध्यात्म पराभक्ति हो। अध्यात्म व्यक्तिको सत्य, परमचेतना र आनन्दको खोजी हो। व्यक्तिगत खोजी भएता पनि सुरूवातमा ज्ञानप्राप्त गुरुको मार्गनिर्देशन आवश्यकता पर्छ। भागवत गीतामा भगवान कृष्णले पनि अर्जुनलाई आत्मज्ञानको लागि गुरुको सान्निध्यमा जान उपदेश दिनुभएको छ।

अशिक्षा, कमजोर आर्थिक अवस्था र यातायातको असुविधाजस्ता कारणहरूले गर्दा हाम्रा पूर्खाहरूलाई गुरुहरूसँगको पहुँचमा धेरै कठिनाइ थियो। त्यसैले ऊनीहरू अपराभक्तिमा मात्र सीमित थिए। अहिले त्यस्तो कठिना छैन। अहिले गुरूहरूसँगको पहुँचमा धेरै सुविधा छ। नेपालभित्र पनि यस्ता सुविधा उपलब्ध भइसकेका छन्।

अध्यात्म अन्तर्मुखी साधना भएकाले यसको मुख्य विधि ध्यान हो। भगवान् शिवले पार्वतीलाई सिकाउनुभएका ध्यानका ११२ विधिहरू भैरवतंत्र विज्ञान नामको सानो ग्रन्थमा उल्लेखित छन्। तर, ध्यानको प्रयोगलाई व्यापक बनाउनुभएकोले यसको प्रवर्तक भगवान बुद्धलाई मानिन्छ। उहाँले प्रवर्तन गर्नुभएको विपश्याना ध्यान प्रायः लुप्त भइसकेकोमा फेरि प्रचलनमा आउन लागेको छ। आधुनिक युगमा विश्वभरि ध्यान फैलाउने मुख्य श्रेय भने ओशो (रजनीश)लाई जान्छ।

जीवन दुःख हो भन्ने यथार्थ बुझ्न सकेमा जन्म-मरण चक्रको बन्धनबाट मुक्ति हुने इच्छा जाग्न सक्छ। बुद्ध धर्म चार आर्य सत्यमा आधारित छ जसमध्य प्रथम आर्य सत्य हो, 'जीवन दुःख हो'। रोग, वृद्धावस्था, मृत्यु सबै दुःख हुन्; निराशा, शोक, भय, क्रोध, द्वेष, एक्लोपन, चिन्ता, असन्तोष, इत्यादि पनि दुःख हुन् भन्दै भगवान् बुद्धले जीवन दुःख हो भन्ने कुरा आर्य सत्यको रूपमा स्थापित गर्नुभयो। उहाँले दुःखबाट मुक्त हुने मार्गको प्रतिपादन पनि गर्नुभयो।

हिन्दु सनातन धर्मले पनि दुःखबाट मुक्त हुने उपायको उच्चतम आध्यात्मिक ज्ञान दिएको छ। इसाई धर्ममा यस्तो ज्ञान उपलब्ध छैन। तेत्तिस वर्षको छोटो उमेरमा नै हत्या गरिएकाले जीसस क्राइस्टलाई उच्चतम आध्यात्मिक ज्ञान दिनबाट वन्चित हुन पर्‍यो। त्यसकारण उहाँको उपदेश मुख्यतः नैतिक शिक्षामा नै सीमित रहन गयो। हिन्दु धर्मका आधारभूत सिद्धान्तहरूलाई विश्वास गरेर यस धर्मप्रति आकर्षित हुने पश्चिमी मुलुकका इसाईहरूको संख्या बढिरहेको पाइन्छ।

भागवत गीता सनातन धर्मको उच्चतम ज्ञानको ग्रन्थ हो। उपनिषद्को निचोड़ हो भागवत गीता। इसाईहरूको बाइबल र मुस्लिमहरूको कुरानजस्तै हिन्दुहरूको लागि महत्वपूर्ण ग्रन्थ हो भागवत गीता। त्यस्कारण प्रत्यक सनातनीले भागवत गीताको निरन्तर अध्यन, मनन र त्यसअनुसार निदिध्यासन गर्नुपर्छ। योगवाशिष्ठ सार, शिवसूत्र, अष्टाबक्र गीता र विवेक चुड़ामणि पनि उच्चतम आध्यात्मिक ज्ञानका ग्रंथ हुन्। आधुनिक समयका संतहरू जस्तै विवेकानन्द, रमण महर्षि, निसर्गदत्त महाराज, परमहंस योगानंद, शिवपुरी बाबा, खप्तड बाबा र ओशोका किताबहरू पनि उच्चतम आध्यात्मिक ज्ञानको लागि अति उपयोगी छन्।

हाम्रो देश जति सुन्दर छ हाम्रो संस्कृति पनि त्यत्तिकै रोचक छ। विभिन्न प्रकारका चाड-पर्वहरू, रीति-रिवाज, भेष-भूषा आदिले हाम्रो संस्कृतिलाई अति उत्कृष्ट बनाएको छ। हामीजस्तो संस्कृतिको धनी सायद विश्वको कुनै देश छैन। तर, दुःखलाग्दो कुरा के भने आफ्नो संस्कृतिको उत्कृष्टतालाई बुझ्न नसक्दा पश्चिमी संस्कृतिको प्रभाव बढेर हाम्रो संस्कृतिमा विकृति आइरहेको छ। संस्कृति मात्र होइन आफ्नो सनातन धर्म पनि राम्रोसँग बुझ्न र बुझाउन नसक्दा धर्म परिवर्तन गर्नेहरूको संख्या दिन-प्रतिदिन बढिरहेको छ। यदि यही क्रम अगाडि बढीरह्यो भने मिलेर बसेको हाम्रो समाज खल्बलिने मात्र होइन, कालन्तरमा देश धार्मिक द्वन्द्वमा पनि नफस्ला भन्न सकिन्न। आफ्नो धर्मको उत्कृष्टतालाई बुझ्न नसक्दा विश्वको एकमात्र हिन्दु राष्ट्रलाई धर्मनिरपेक्ष बनाइयो।

सनातन धर्मको उच्चतम साधना सहज छ। यो कुनै जाति, वर्ण वा सम्प्रदायसँग सम्बन्धित छैन। समाजिक र आर्थिक स्तरसँग पनि सम्बन्धित छैन। सबैको लागि बराबर पहुँच भएकाले कुनै प्रकारको भेदभाव छैन। राम्रोसँग साधना ग र्‍यौ भने जो-कोहीले पनि जन्म-चक्रको बन्धनबाट मुक्त हुन आत्मज्ञान प्राप्त गर्न सक्छ।

आदि शंकराचार्यले भन्नुभएको छ- मानव जन्म, मुक्तिको इच्छा र गुरुप्राप्ति यी तीन कुरा परमात्माको कृपाबिना पाइँदैन। भाग्यशाली ती व्यक्तिहरू हुन् जसले मानव जन्मको उद्देश्य बुझेका छन् र यी तीनवटै कृपा प्राप्त गरेका छन्।

घटना र विचारबाट

# तरकारी र फलफूलमा विषादीको अवशेषमा सुधार

राँझा (बाँके)। नेपालगञ्जमा बिक्री हुँदै आएको तरकारी तथा फलफूलमा देखिएको विषादीको अवशेषमा सुधार आएको छ। चालु आर्थिक वर्षको तीन महिनामा तीन सय ५३ किसिमका तरकारी तथा फलफूलजन्य वस्तुको नमूना जाँच गर्दा विषादीको अवशेष फेला नपरेको कृषि विभागअन्तर्गत केन्द्रीय कृषि प्रयोगशालाले जनाएको छ।

"यो वर्ष हालसम्म कुनै पनि तरकारी र फलफूलको नमूनामा विषादीको अवशेष फेला परेको छैन", विषादी अवशेष द्रुत विश्लेषण प्रयोगशाला एकाइ नेपालगञ्जका नायब प्राविधिक सहायक गौरव चौधरीले भने-"करिब चार सय नमूना परीक्षण गर्दा विषादीको अवशेष फेला नपर्नु सकारात्मक पक्ष हो।"

प्रयोगशालामा नेपालगञ्जको रानीतलाउस्थित तरकारी बजार केन्द्र र सहरका विभिन्न स्थानमा बिक्रीका लागि राखिएका फलफूल पसलबाट नमूना सङ्कलन गरेर विषादी परीक्षण गरिएको चौधरीले बताए।

उक्त प्रयोगशाला एकाइमा गत आवमा एक हजार ९४ किसिमका तरकारी तथा फलफूलजन्य वस्तुको नमूना परीक्षण गर्दा सात नमूनामा विषादीको अवशेष फेला परेको थियो।

"गत आवमा एक हजार ९४ किसिमका तरकारी तथा फलफूलजन्य वस्तुको नमूना परीक्षण गर्दा सात वटामा कैफियत पाएका थियौँ", चौधरीले भने-"तीन नमूना पहेँलो र चार नमूनामा रातो सङ्केत पाइएको थियो।" रातो सङ्केत भएका वस्तु उपभोग गर्न नमिल्ने भन्दै पहेँलो सङ्केत भएकालाई पुनःपरीक्षण गर्दा विषादीको मात्रा घटेको पाइएमा उपभोग गर्न मिल्ने उनले जानकारी दिए।



तरकारी तथा फलफूलजन्य वस्तुको नमूना परीक्षणमा ३५ प्रतिशतभन्दा कम निषेध प्रतिशत भएमा त्यसलाई हरियो सङ्केत भनिने र उक्त वस्तु उपभोग गर्न मिल्ने, ३५ देखि ४५ प्रतिशत निषेध प्रतिशत पाइएमा पहेँलो सङ्केत गरी त्यसलाई पाँच दिन क्वारेन्टिनमा राखेर पुनःपरीक्षण गर्दा ३५ प्रतिशतभन्दा कम निषेध प्रतिशत देखिएमा उपभोग गर्न मिल्ने चौधरीले जानकारी दिए। उनका अनुसार ४५ प्रतिशत भन्दामाथि निषेध प्रतिशत देखिएमा त्यसलाई उपभोग गर्न मिल्दैन।

प्रयोगशालामा नेपालका विभिन्न जिल्लाबाट नेपालगञ्ज आउने तथा भारतबाट आयात गरिने तरकारी तथा फलफूलजन्य वस्तुको विषादी जाँच गर्ने गरिएको छ। एकदेखि डेढ घण्टाभित्रमा प्रयोगशालामा परीक्षण गरिएका नमूनाको नतिजा आउने चौधरीको भनाइ छ। उनका अनुसार सङ्कलित वस्तुमा 'अर्गानोफस्फेट' र 'कार्बामेट' गरी दुई प्रकारका विषादी समूहको परीक्षण हुन्छ। विसं २०७९ देखि नेपालगञ्जमा तरकारी तथा फलफूलजन्य वस्तुको विषादीको नमूना परीक्षण सुरु गरिएको थियो।

गत आवमा रानीतलाउस्थित तरकारी बजारमा राखिएका रायोको सागमा विषादी परीक्षण गर्दा ४५ प्रतिशतभन्दा बढी विषादी पाइएको थियो। भारतबाट आउने तरकारीलाई भन्सारमा खाद्य, प्रविधि तथा गुण नियन्त्रण विभागले परीक्षण गर्ने र रानीतलाउमा पुनःपरीक्षण गर्ने गरिएको बजार सञ्चालक समितिका अध्यक्ष मोतिसरा थापा क्षेत्रीले बताइन। उनका अनुसार सार्वजनिक बिदाका दिनमा बाहेक प्रायःदैनिक रूपमा यहाँ परीक्षण हुने गरेको छ।

नमूना परीक्षणका क्रममा जिल्लामा उत्पादित वस्तुमा विषादीको मात्रा देखिएका किसानलाई सचेत गराउने गरिएको थापाले बताइन। बेमौसमी तरकारीमा किसानले विषादीको बढी प्रयोग गर्ने गरेकाले उत्पादित वस्तुमा विषादी पाइने गरेको उनको भनाइ छ।

# नेप्से परिसूचक ६२ अङ्कले बढ्यो



काठमाडौँ। नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा आइतबार उच्च अङ्कको वृद्धि देखिँदा करिब रु १० अर्ब बराबरको कारोबार भएको छ। नेप्से परिसूचक ६२ दशमलव ५४ अङ्कको वृद्धि पछि दुई हजार सात सय ३८ दशमलव ०६ को अङ्कमा कायम भएको हो।

तीन सय २५ कम्पनीको दुई करोड २४ लाख ७४ हजार दुई सय ८१ कित्ता शेयर एक लाख छ सय ५१ पटक खरिदबिक्री हुँदा रु नौ अर्ब ७७ करोड ११ लाख २४ हजार ७३ बराबरको कारोबार भएको छ। जलविद्युत् समूहको उपसूचकमा सबैभन्दा बढी चार दशमलव २६ प्रतिशतको वृद्धि देखिएको छ। बैंकिङ एक दशमलव ६२, विकास बैंक दुई दशमलव ७१, वित्त दुई दशमलव ४८, होटल तथा पर्यटन शून्य दशमलव ९६ र लगानी समूह दुई दशमलव ५६ प्रतिशतले बढेको छ।

जीवन बिमा दुई दशमलव १६, उत्पादन तथा प्रशोधन दुई दशमलव ३२, लघुवित्त एक दशमलव ५१, म्युचुअल फण्ड शून्य दशमलव ६२, निर्जीवन बिमा एक दशमलव ९५, व्यापार एक दशमलव १५ र अन्य समूह दुई दशमलव ५२ प्रतिशतले बढेको छ।

गुराँस लघुवित्त वित्तीय संस्था लिमिटेड, सृजनशील लघुवित्त वित्तीय संस्था लिमिटेड र सुपरमादी हाइड्रोपावर लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ। सबैभन्दा बढी सानिमा ग्रोथ फण्डको शेयर मूल्य छ दशमलव ७६ प्रतिशतले घटेको छ।

कारोबार रकमका आधारमा सबैभन्दा बढी सानिमा जिआइसी इन्स्योरेन्स लिमिटेडको रु ३८ करोड चार लाख ३७ हजारको शेयर किनबेच भएको छ। त्यस्तै, कारोबार भएका शेयर संख्याका आधारमा भने सबैभन्दा बढी हाइड्रोइलेक्ट्रिसिटी इन्भेस्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी प्रमोटर शेयर १० लाख ४७ हजार ३५ कित्ता शेयर किनबेच भएको छ।

# मोहनमान सैजुको १३औँ दिनको श्रद्धाञ्जलीसभा

काठमाडौँ । राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष डा. मोहनमान सैजुको १३औँ दिनको श्रद्धाञ्जलीसभा सम्पन्न भएको छ।

उक्त श्रद्धाञ्जलीसभामा बोल्दै डा. भेषबहादुर थापाले सैजुसँग युवा अवस्थामा लामो समय काम गरेको अनुभव सुनाउँदै सैजु हरेक चुनौतीसँग जुध्न सक्ने दूरदर्शी व्यक्तित्व भएको चर्चा गर्दै उनको सफल नेतृत्वकै कारण भूमिसुधार लागू गर्ने कामदेखि लिएर गरिबी निवारण कोषसम्म आइपुग्दा देशले धेरै प्रतिफल प्राप्त गरेको बताए।

'२२ वर्षकै उमेरमा भूमिसुधार कार्यक्रम प्रारम्भ गर्ने काम कम चुनौतीको थिएन । तर त्यसलाई पनि अवसर ठानेर उहाँले सफलताको बिन्दुमा पुऱ्याउनुभयो, त्यो सँगसँगै गरिब किसानहरूको आर्थिक विकासका लागि गरिबी निवारण कोषको नेतृत्व गर्नुभयो।'- थापाले स्मरण गर्दै भने।

चाँदनी जोशीले सैजुसँग काम गरेको अनुभव सुनाउँदै उनी दृढ इच्छाशक्ति भएको व्यक्ति भएकोले जस्तोसुकै कठिन कामलाई पनि सफल पार्ने भएको भन्दै प्रशंसा गरे। उनले भने-'हरेक क्षेत्रमा महिलाको नेतृत्व आवश्यक छ भनेर महिलालाई प्रोत्साहन गर्ने उहाँको विशेष गुणको चर्चा गर्नुभयो। उहाँ कस्तुरीजस्तो विशेष गुणले सम्पन्न व्यक्ति हुनुहुन्थ्यो।'

इन्जिनियर प्रमोदबहादुर श्रेष्ठले सैजुको बारेमा चर्चा गर्दै गर्न नसकिने काम के रहेछ ? चाह्यो भने देशका लागि छोटै समयमा पनि धेरै काम गर्न सकिन्छ भन्ने कुराको एउटा उदाहरण डा. सैजु भएको बताए।

त्यसैगरी तानसेन गुठीका सचिव ई. सुरेन्द्र श्रेष्ठले सैजु राष्ट्रिय योजना आयोगको उपाध्यक्ष भएको बेला आफ्नो जन्मस्थानलाई केही गरेन भन्ने आम पाल्पालीको बुझाई छ, तर पाल्पाका लागि मात्र योजना आयोगको उपाध्यक्ष भएको होइन, समग्र देशका लागि हो भन्ने कुरा पाल्पालीले बिर्सिएको बताए।

कवि नरेन्द्रबहादुर श्रेष्ठले उद्घोष गरेको श्रद्धाञ्जलीसभामा डा. केदारभक्त माथेमा, डा. विणा प्रधान, अनुपमान सैजु र सीता थापाले उनको स्मरण गरेका थिए। उनकी धर्मपत्नी माधुरी सैजुले धन्यवाद ज्ञापन गरेकी थिइन्।

---

**रुपन्देहीमा...**

उत्पादनमुखी गराउनुमा सहुलियत दिनुको साटो राज्य आयतमुखी भएकोले भन्सारलाई नै प्रमुख स्रोतको रुपमा मानेको छ। सरकारले ठूलो कुरा गर्नुपर्ने छैन निजी क्षेत्रले राखेका स-साना कुरा मात्रै सम्बोधन गरे यो अवस्था आउने छैन। मौद्रिक नीतिलाई उद्योग र व्यवसाय मैत्री बनाउनु पर्ने आवश्यक छ नयाँ बनेको सरकारले केही गर्छ भन्ने आशा रहेको छ।

सरकारी नीति, बैंक तथा वित्तीय संस्थाको चर्को ब्याज, कोरोना महामारी, आर्थिक मन्दी जस्ता कारण उद्योग बन्द हुने क्रम पनि बढीरहेका छन्। नयाँ उद्योग खुल्ने क्रम घट्ने र पूराना उद्योग बन्द भइरहँदा पनि वास्तविकता बुझेर समस्या समाधन गर्नेतर्फ तीनै तहका सरकारको ध्यान गएको देखिँदैन। उपभोक्ता घट्दै जाँदा र आर्थिक मन्दीका कारण रुपन्देहीमा घरेलु तथा साना उद्योग बन्द हुने क्रम बढेको छ। थोरै लगानीमा सञ्चालन गर्न सकिने र उर्जा खपत तथा कामदार सहजै पाइने भएपछि लगानी गर्नेहरु धेरै थिए। तर, पछिल्लो तीन वर्षयता नयाँ उद्योग दर्ता गर्ने क्रम घट्नुका साथै पुराना बन्द गर्ने क्रम बढेका छन्।

**मंसिर...**

कृषि, पर्यटन, अटो मोबाइल्स, आईटी, घरेलु उत्पादन आदिका मर्चवारदेखि मुस्ताङसम्मका उत्पादन राखिने महोत्सवमा करिब १० करोड रुपैयाँ बराबरको कारोबार हुने अपेक्षा संघको रहेको सचिव मंगल भण्डारीले बताए।

संघले २०६१ सालदेखि भैरहवामा मेला महोत्सव आयोजना गर्न सुरु गरेको हो। महोत्सवमा राष्ट्रिय तथा स्थानीय कलाकारको दैनिक प्रस्तुति रहने र सिमावर्ती भारतीय शहरबाट पनि सहभागिता रहने भएकाले पर्यटन प्रवर्द्धन तथा आर्थिक गतिविधि चलायमान हुने विश्वास लिइएको छ।


## दिव्यज्योति माध्यमिक विद्यालय

**बर्दघाट - २ चिसापानी, नवलपरासी**

## आवश्यकता

मिति : २०८१/०७/२६

उपर्युक्त सम्बन्धमा यस दिव्यज्योति माध्यमिक विद्यालय, बर्दघाट - २, चिसापानी, नवलपरासीका वि.व्य.स.को मिति २०८१/०७/२४ गतेको निर्णय अनुसार यस विद्यालयको प्राविधिक धार तर्फको कृषि विषयको सहायक प्रशिक्षक पदको पदपुर्ति गर्नुपर्ने भएकोले तपशिलमा उल्लेखित विवरण अनुसारको नेपाली नागरिकबाट दरखास्त आव्हान गरिन्छ।

**तपशिल**

**विज्ञापन नं.** :०२/०८१/०८२ **पद** :सहायक प्रशिक्षक **संख्या** :१ (एक)

**तह / श्रेणी** : नि.मा.वि. (तृतिय अस्थायी करार) **तलबः** नेपाल सरकारको नियमानुसार

**योग्यता** :सम्बन्धित विषय बाली विज्ञानमा डिप्लोमा तह उत्तीर्ण वा सो सरह **उमेरः**४० वर्ष ननाघेको

**परिक्षाको किसिम** : लिखित, अन्तरवार्ता र प्रयोगात्मक (आवश्यक परेमा )

**परीक्षा दस्तुरः** रु. १०००/- (बैंक भौचर संलग्न गर्नुपर्ने) **दरखास्त बुझाउने अन्तिम मिति** : २०८१ मङसीर १० गते

**सम्पर्क मिति** :२०८१ मङसीर ११ गते **परीक्षा मिति** : सम्पर्क मिति मा तोकिने छ।

**आवश्यक कागजातहरु** : शैक्षिक योग्यताको प्रमाणपत्र, नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, निरोगिताको प्रमाणित प्रतिलिपि हस्तलिखित निवेदन साथ संलग्न गर्नुपर्ने छ।

बैंक खाता नं. :रा. बा. बैंक, बर्दघाट शाखा ३३०१००००००३६००१

**प्रधानाध्यापक**



# Shivraj Municipality

**Office of the Municipal Executive**

**Chandrauta, Kapilvastu**

**Lumbini Province, Nepal**

## Bid Addendum Notice

Date of first publication: 2081/07/14 (30th Oct, 2024)
Date of second publication: 2081/07/26 (11st Nov 2024)

1. Shivraj Municipality, Office of the Municipal Executive, Chandrauta Kapilvastu addendum the notice for invitation of e-bid published on 2081/07/14 on Butwal today National daily as follows.

| SN | IFB No./Works | Bid Security Amount (Nrs.) | Bid Security Validity Periods | Bid Doc. Fee | Avg. Annual Construction Turnover | Bid Capacity | Contract of Similar Size and Nature | Bidding Process |
|---|---|---|---|---|---|---|---|---|
| 1 | SM/RD/ RR/081 /082-22 Adhuroshivraj ringroad kalopatre | 900000 | 120 days after opening date. | 5000 | 44.6Million (Nrs. 44600000) | 23.8 Million (Nrs. 23800000) | At least One (1) Contract within the last ten (10) years, with a value of at least NRs 11900000 millions | NCB (1S2E) |

1. Eligible Bidder must bid Electronically through https://bolpatra.gov.np/egp/.
2. Bank Account No.
   Name of the Bank: Nepal bank ltd. Chandrauta, kapilvastu
   Account name : Antarik Rajaswa Khata/ Dharauti Khata
   Account No. : 22803000001001000001/22803000003000000001
3. Last date and Time of Bid Submission/Opening:

| SN | Particular | NCB |
|---|---|---|
| 1 | Last Date and Time of Bid Submission | Nov 29,2024 (2081/08/14);12:00 Hours |
| 2 | Last Date and Time of Bid Opening | Nov 29, 2024 (2081/08/14); 13:00 Hours |

4. Matters not covered in this notice shall be in accordance with prevailing rules and regulations of Nepal, PPA 2063 and PPR 2064
5. Any amendment in the tender notice or Bidding Document will be posted in the notice board at Shivraj Municipality Office, Chandrauta, Kapilvastu and may visit in Office's Web site www.shivrajmun.gov.np.
6. The employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason whatsoever.
7. For futher information contact Shivraj Municipality,Office of the Municipal Executive Chandrauta,Kapilvastu or the bidders can visit the PPMO website for more descriptions.

**Chief Administrative Officer**



# भाखा नाघेको कर्जा बुझाउने बारे कृषि विकास बैंक लि., लुम्बिनी प्रदेश कार्यालय भैरहवा, रुपन्देहीको २१ दिने सूचना

यस बैंकको शाखा कार्यालय परासी, नवलपरासीबाट तपसील बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरुले निम्न उद्देश्यका लागि विभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघी निम्न लेखिए बमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले वारम्वार ताकेता गर्दा पनि आलटाल गरी बुझाउनु पर्ने कर्जाको साँवा, व्याज तथा बैंकले पाउनु पर्ने अन्य रकम समेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र सम्बन्धित कार्यालयमा बुझाउनका लागि यो सूचना प्रकाशन गरिएको छ। उल्लेखित मिति भित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, कृषि विकास बैंक लि. को कर्जा असुली कार्यविधि तथा प्रचलित ऐन नियम बमोजिम कर्जा लिदा लेखिदिएको धितो लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकको सम्पूर्ण लेना रकम असूल उपर गरिने व्यहोरा समेत जानकारी गराउदछौं। साथै तपसील बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरुलाई बैंकबाट कर्जा लिन मञ्जूरीनामा दिने व्यक्तिहरुलाई समेत यसै सूचनाद्वारा कर्जा बुझाउन जानकारी गराईएको छ।

| क्र.सं. | कर्जा ग्राहकको नाम | ठेगाना | मिसिल नं. | ग्राहक नं. | बाजे/ससुराको नाम | ग्राहकको पिता/पतिको नाम | उद्देश्य | साँवा रकम रु. | २०८१ आश्विन म.सम्मको ब्याज | जम्मा तिर्नुपर्ने रकम | धितो मञ्जूरीनामा दिने/जमानत बस्नेको नाम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ओम प्रकाश चौधरी | मनरी वार्ड नं. २ | १०५६५ | ५९१५२७ | रामदुलारे चौधरी | भिम नारायण चौधरी | ओ.डी. | १५०००००.०० | २८१७५९.४६ | १७८१७५९.४६ | |
| २ | प्रतिमा टेन्ट हाउस प्रो.महेश प्रसाद भर | हकुई वार्ड नं. २ लालपाटी | ११३०७ | १०३८३३६ | चौथी भर | बाबुलाल भर | सेवा व्यवसाय कर्जा | १९०००००.०० | १५८६८५.०० | २०५८६८५.०० | |
| ३ | जनताश्री ट्रेडर्स प्रो.निशा यादव | पाल्हीनन्दन वार्ड नं. २ अमानीगंज | १२०१३ | १७३८१५७ | पुणमासी यादव | रमेश चन्द यादव | व्यापार | ११०००००.०० | ५३११३.०० | ११५३११३.०० | रमेश चन्द्र यादव |
| ४ | निर्माण सटरिंग सेवा प्रो. चित्रावती कहँार | रामग्राम वार्ड नं ९. पिपरहिया | ८८०६ | १५९१९८७ | प्रसाद कहार | नन्कु कहार | सेवा व्यवसाय कर्जा | ८०००००.०० | १४८७००.०० | ९४८७००.०० | |
| ५ | जैतुननिसा मुसलमान | रामग्राम वार्ड नं.१० मंझरिया | १०५६२ | ५९२१०९ | हकिम मुसलमान | मुन्ताज अलि मुसलमान | व्यापार कर्जा | ९९५०००.०० | ४५३६८.०० | १०४०३६८.०० | |
| ६ | सुरसति धरिकार | अमरौठ वार्ड नं २ ऐचावल | ११३८१ | १०५२७८१ | मुनेश्वर | ठगई धरिकार | ओ.डी.कर्जा | १००००००.०० | १०९९८९.०० | ११०९९८९.०० | |
| ७ | सिता कुमारी थारु चौधरी | रामग्राम वार्ड नं. १७ देवगाउ | ११६८१ | १२८८४१४ | टेगन | प्रशुराम | सरल कृषि कर्जा | ५०००००.०० | ४२१८१.०० | ५४२१८१.०० | |
| ८ | कुन्तला पशुपालन फर्म प्रो. कुन्तला देबी यादव | पाल्हीनन्दन वार्ड नं. १ रमपुरवा | १२०५४ | १८१७२७३ | रक्षा अहिर | गंगा अहिर | सहुलियत कर्जा | ९०००००.०० | ९६४०१.०० | ९९६४०१.०० | |
| ९ | कोहीनुर टेलर्स प्रो. जितेन्द्र हरिजन | सरावल वार्ड नं. २ | १३०२१ | १९४१६४ | अकालु | नारायण चमार | व्यापार कर्जा | १०५००००.०० | ८६३५७.०० | ११३६३५७.०० | मुलकी देबी चमार |
| १० | जय मा दुर्गे स मिल प्रो.लाल जिव भर | रामग्राम वार्ड नं. ८ घनश्यामपुर | १०८६४ | ५९१६६६ | तिलक भर | रिषै भर | मिल संचालन | ३००००००.०० | ६८६१९७.०० | ३६८६१९७.०० | रिषै भर |
| ११ | भदई गुप्ता तेली | कुश्मा वार्डम नं. २ बेलासपुर | ४५३५ | ५९०७१२ | सिसरन | प्रसाद तेली | सरल कृषि कर्जा | १००००००.०० | ३०६७३.०० | १०३०६७३.०० | |
| १२ | बासना सिंह क्षेत्री | रामग्राम वार्ड नं. ४ जितपुर | ११९२८ | १६७८४३४ | बिहारी सिंह क्षेत्री | कृष्ण शरण सिंह क्षेत्री | घरायसी कर्जा | १००००००.०० | ९०९७२.०० | १०९०९७२.०० | |
| १३ | जयमा पाल्ही भगवती बिबिध स्टोर्स प्रो. रमेश सिंह कुर्मी | रामग्राम वार्ड नं. ५ सन्तपुर | १११५७ | ५९२५५९ | लालचन कुर्मी | बिश्राम कुर्मी | व्यापार कर्जा | १०९००००.०० | १०७३३३.०० | ११९७३३३.०० | |
| १४ | जितेन्द्र कुमार मिश्र | कुश्मा वार्ड नं. ३ बेलासपुर | ८३२२ | ५९०८७१ | मुरलीधर | भभुति मिश्र | व्यापार कर्जा | ५०००००.०० | १८५१०.०० | ५१८५१०.०० | मुलकी देबी चमार |
| १५ | ओमशान्ती पशुपालन फर्म प्रो.रोहित प्रसाद केवट | रामग्राम वार्ड नं. ६ पोखरापाली | ११४५९ | १०६८२३३ | मथुरा | परसराम प्रसाद केवट | सहुलियत कर्जा | २२४७३४३.०० | १५३२५१.०० | २४००५९४.०० | रिषै भर |
| १६ | नमूना पोल्ट्री फर्म प्रो. गोबिन्द थापा | सुनवल वार्ड नं. १३ सुन्दरबस्ती | ११७९२ | १४५४२०२ | डिलाराम थापा | लिला बहादुर थापा मगर | सहुलियत कर्जा | ३२७२६९.६१ | १३१०४.०० | ३४०३७३.६१ | |
| १७ | गणेश गाई फर्म प्रो. रम्भा देबी थापा | सुनवल वार्ड नं. १३ सुन्दरबस्ती | ११७८९ | १४५३८१४ | हरिलाल | गणेश बहादुर | सहुलियत कर्जा | ६५६८९९.९४ | ३३६२४.०० | ६९०५२३.९४ | |
| १८ | पल्ली गाई फर्म प्रो. रुकमणी पल्ली | सुनवल वार्ड नं. १३ सुन्दरबस्ती | ११७९१ | १४५३८२५ | ओम बहादुर | कुलबहादुर पल्ली | सहुलियत कर्जा | ६००७९७.२२ | ७०२११.०० | ६७१००८.२२ | |
| १९ | लक्ष्मी खाद्य उद्योग प्रो.मान बहादुर यादव | रामग्राम वार्ड नं. ४ परासी | १०९५१ | ५९०८६७ | जमुना | राम बच्चन अहिर | व्यापार कर्जा | ४२५००००.०० | ४९०६९९.०० | ४७४०६९९.०० | |
| २० | दुर्गा गाई फर्म | सुनवल वार्ड नं. १३ सुन्दरबस्ती | ११७९० | १४५३७५६ | ओम बहादुर | चन्द्र बहादुर | सहुलियत कर्जा | २०००००.०० | २३५१.०० | २०२३५१.०० | |
| २१ | धिरेन्द्र कुमार गिरी | पाल्हीनन्दन ०३ प्रसिया | ९१४१ | ५९०७३३ | चन्दन गिरी | हरी गिरी | सरल कृषि कर्जा | १७०००००.०० | ५२७७२.०० | १७५२७७२.०० | |

**कृषि विकास बैंक लिमिटेड**
**Agricultural Development Bank Ltd.**
नेपाल राष्ट्र बैंकबाट 'क' बर्गको इजाजतपत्र प्राप्त संस्था
लुम्बिनी प्रदेश कार्यालय भैरहवा, रुपन्देही



## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।

- ट्वाइलेट, बाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्को बेला पनि सेवा दिइने छ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुखानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

दैनिक लुम्बिनी

# औद्योगिक व्यापार मेलाको सचिवालय बुटवल मण्डपमा




बुटवल । बुटवल उद्योग वाणिज्य संघ रुपन्देहीले बुटवलमा सञ्चालन गर्ने औद्योगिक व्यापार मेलाको लागि अन्तर्राष्ट्रिय प्रदर्शनीय स्थल बुटवल मण्डपमा सचिवालय स्थापना गरिएको छ । मेलासम्बन्धी सबै गतिविधि मेला स्थलबाटै गर्नेगरी सचिवालय स्थापना गरिएको कार्यसम्पादन समितिका सचिव, मेलाका प्रवक्ता तथा बुटवल उद्योग वाणिज्य संघ रुपन्देहीका महासचिव मुक्तिप्रसाद अधिकारीले जानकारी गराए ।

'लगानी लुम्बिनीमाः समृद्धि देशमा' भन्ने नारासहित संघले आगामी पुस ३ देखि १८ गतेसम्म अन्तर्राष्ट्रिय प्रदर्शनी स्थल बुटवल मण्डपमा औद्योगिक व्यापार मेलाको तयारी गरेको छ । यो मेलालाई अहिलेसम्म भएका मेलाभन्दा धेरै फरक बनाउने गरी तयारी गरिएको र त्यसको लागि कार्यसम्पादन समितिका पदाधिकारी, सदस्य तथा विषयगत समितिका संयोजकहरु लागिपरेको कार्यसम्पादन समितिका संयोजक तथा बुटवल उद्योग वाणिज्य संघका अध्यक्ष हरिप्रसाद अर्यालले बताए ।

मेला सम्पन्न गर्नको लागि संघले यस अगाडि नै कार्यसम्पादन समिति तथा विषयगत समितिहरु गठन गरी तयारीका काम अगाडि बढाएको संघले जनाएको छ । 'मेलालाई चुस्त र दुरुस्त बनाउने प्रयास गरेका छौं,' कार्यसमितिका संयोजक अर्यालले भने-'यो मेला विगतमा हामिले गरेका र हाम्रा सहयोगी संस्थाहरुले गरेका मेलाभन्दा धेरै फरक हुनेछ ।'

उनका अनुसार कानुनले वर्जित गरेका कुराहरुलाई मेलामा समावेश गराइने छैन । त्यसैगरी मेलाको अर्को महत्वपूर्ण पाटो सांस्कृति कार्यक्रमलाई पनि थप व्यवस्थित गरिने छ । बुटवल उद्योग वाणिज्य संघले सुरु गरेको दोहोरी गीत प्रतियोगिता, भ्वाइस अफ बुटवललाई निरन्तरता दिइने र अरु राम्रा कार्यक्रम ल्याइने कार्यसम्पादन समितिका सहसंयोजक तथा सांस्कृतिक कार्यक्रमका समन्वयकर्ता टंकप्रसाद गैरेले जनाए ।

त्यसैगरी मेलाको उद्देश्य अनुसार बस्तुको प्रदर्शनीलाई समेत ध्यानमा राखेर गुणस्तरीय बस्तुको प्रदर्शनी तथा बिक्रीवितरण गर्नेगरी स्टल बुकिङ खुला गरिएको कार्यसम्पादन समितिका उप-संयोजक तथा स्टल बुकिङ समितिका समन्वयकर्ता सुरज भट्टराईले जानकारी गराए । उनका अनुसार मेलामा ईनडोर ४४३ स्टल रहने छन् भने होटल रेष्टुरेण्ट, अटोमोवाइल्सका करिव ३० स्टल आउटडोरमा रहने छन् । हालसम्म २ सय बढी स्टल सम्पर्कमा आइसकेको पनि उनले जानकारी गराए ।

मेलालाई सफल बनाउनको लागि सबैसँग रायसुझाव तथा परामर्श लिइने छ । संघले राजनीतिक दल तथा संघसंस्थासंग समन्वयको लागि कार्यसम्पादन समितिका उपसंयोजक विमलराज भट्टराईलाई जिम्मेवारी प्रदान गरिएको छ । सोही अनुसार मेलामा सबै पक्षलाई समेट्ने गरी राजनीतिक दल तथा संघसंस्थासँग समन्वय गरिने कार्यसम्पादन समितिका उपसंयोजक विमलराज भट्टराईले बताए ।

मेला सम्पन्न गर्नको लागि सबैभन्दा महत्वपूर्ण पाटो अर्थको रहन्छ । त्यसको लागि मुख्य प्रायोजक, प्रायोजक, सह-प्रयोजक र विज्ञापनदाताहरुसँग संवाद र छलफल भइरहेको आर्थिक समिति संयोजक तथा आर्थिक क्षेत्र समन्वयकर्ता वसन्तप्रसाद ढकालले बताए ।

उत्पादक र उपभोक्तालाई जोड्ने पुलको रुपमा यो मेलालाई लिईएको छ । मेलालाई सफल बनाउने अर्को महत्वपूर्ण पाटो प्रचारप्रसारको हो । प्रचार प्रसारलाई व्यापक बनाउने गरी काम भइरहेको प्रचारप्रार तथा पूर्वाधार समन्वयकर्ता प्रतिक पोखरेलले जनाए । मेलामा जतिसक्यो धेरै उपभोक्तालाई भित्र्याउन सकियो भने त्यसको सार्थकता पाउन सक्छ । सोहीअनुसार मेलाको बारेमा धेरैभन्दा धेरै व्यक्तिलाई सन्देश पुर्याउनको लागि प्रचारप्रसारको काम सुरु भइसकेको प्रचारप्रसार समितिका संयोजक दीपकप्रसाद चापागाईंले जानकारी गराए ।

मेलामा कृषि, महिला उद्यमी तथा हस्तकलालाई विशेष प्राथमिकता दिइने छ । स्वागत सत्कार तथा महिला उद्यमी सहभागिता संयोजन समितिकी समन्वयकर्ता धनकुमारी खनालका अनुसार मेलामा सहभागि हुने महिला उद्यमीका उत्पादन, कृषिजन्य उत्पादन तथा हस्तकलाका सामाग्रिका स्टललाई विशेष छुट प्रदान गरिने छ ।

# महाकवि देवकोटा क्याम्पसमा रोजगार मेला सम्पन्न




सुनलव । महाकवि देवकोटा क्याम्पस सुनवलले आइतबार रोजगार मेला सम्पन्न गरेको छ । विभिन्न ३१ वटा कम्पनी तथा उद्योगहरुका प्रतिनिधिहरुको उपस्थितिमा रोजगार मेला गरिएको हो । क्याम्पसमा अध्ययन पूरा गरेका र अध्ययनरत विद्यार्थीहरुलाई रोजगारको अवसर सृजना गर्ने उद्देश्यका साथ रोजगार मेला गरिएको क्याम्पसले जनाएको छ ।

महाकवि देवकोटा क्याम्पसका अध्यक्ष कृष्णप्रसाद लामिछानेको अध्यक्षता र लुम्बिनी प्रदेशका वन तथा वातावरण मन्त्री देवकरण कलवार (सन्तु) को प्रमुख आतिथ्यमा रोजगार मेलाको समुद्घाटन गरिएको हो । सो अवसरमा मन्त्री कलवारले अध्ययन पूरा गरेका विद्यार्थीहरुलाई रोजगारको अवसर सृजना गर्ने काम गरेकोमा खुसी व्यक्त गरेका थिए । उनले देशभरका अन्य क्याम्पसहरुले पनि देवकोटाको नमूना कामको सिको गर्नु पर्नेमा जोड दिए । मन्त्री कलवारले देवकोटा क्याम्पसलाई लुम्बिनी प्रदेशमै नमूना क्याम्पस बनाउन आफूले सक्दो सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे ।

कार्यक्रममा लुम्बिनी प्रदेशका सांसद एवं पूर्व मन्त्री खड्ग बस्नेतले देशमा बेरोजगारी किन भयो भनेर त्यसको कारण खोज्नु पर्नेमा जोड दिए । "हामी बेरोजगार होइन, अनस्कील भएको हो, हामी आफ्नो क्षमता विकास गर्नतर्फ लाग्ने र बजारले कस्तो व्यक्ति खोजेको छ भनि अध्ययन गर्ने हो भने, बेरोजगार भएर बस्नु पर्दैन ।"- उनले भने ।

कार्यक्रममा सुनवल नगरपालिकाका नगर उपप्रमुख सूर्य दुबे, सुनवल नगरपालिकाका पूर्व नगरप्रमुख भिमबहादुर थापा, उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्य केशव भण्डारीले शुभकामना व्यक्त गरेका थिए ।

यस्तै कार्यक्रममा रोजगारदाता कम्पनीहरुको तर्फबाट डार्सिज होटलका अपरेशन म्यानेजर गणराज मगर, लक्ष्मी स्टील प्रा.लि.का प्रवन्धक दामोदर पौडेलले प्रतिस्पर्धाको युगमा क्याम्पसले विद्यार्थीहरुलाई रोजगारीको अवसर प्रदान गर्न रोजगार मेला लगाउनु सराहनीय काम भएको बताएका थिए ।

रोजगार मेलामा वडा नं. ४ का अध्यक्ष बालकृष्ण पंगेनी, कार्यक्रम संयोजक एवं प्राध्यापक विकास आचार्य र विकास रानालगायतले कार्यक्रमको अवसरमा बोलेको प्राध्यापक हरिदत्त शर्माले जानकारी दिए । आतबार क्याम्पसमा अध्ययनरत ५० जना विद्यार्थीहरुले विभिन्न ३१ वटा कम्पनी तथा उद्योगलाई अन्तरवार्ता दिएका छन्, अन्तरवार्ताको नतिजा भने आइसकेको छैन ।

# लुम्बिनीको कार्यवाहक मुख्यमन्त्रीमा ढकाल



बुटवल । लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले कार्यवाहक मुख्यमन्त्रीको जिम्मेवारी भौतिक पूर्वाधार विकास मन्त्री भूमिश्वर ढकाललाई दिएका छन् ।

छिमेकी देश चीन भ्रमणमा जान लागेका मुख्यमन्त्री आचार्यले आफू नफर्किँदासम्मको लागि मन्त्री ढकाललाई कार्यवाहक मुख्यमन्त्रीको जिम्मेवारी दिएका हुन् । मुख्यमन्त्री आचार्यले कार्तिक २५ गते आइतबारदेखि लागू हुनेगरी लुम्बिनी प्रदेश सरकार कार्य सम्पादन नियमावली २०७४ पछिल्लो संशोधनको नियम १४ को उपनियम ३ बमोजिम मन्त्री ढकाललाई कार्यवाहक मुख्यमन्त्रीको कार्यसम्पादन गर्नेगरी जिम्मेवारी तोकेका हुन् । नेपालको संविधान र अन्य प्रचलित कानूनको अधीनमा रही तोकिएको कार्य जिम्मेवारी सम्पादन गर्न अनुरोध गरिएको छ ।

सिचुआन प्रान्तमा हुने अन्तर्राष्ट्रिय सम्मेलनमा सहभागी हुन मुख्यमन्त्री आचार्यसहित ७ सदस्यीय प्रतिनिधि मण्डल चीन जान लागेको हो ।

सिचुआन प्रान्तमा समन्वय र विकासको विषयमा छलफल गर्न (नोभेम्बर ११ देखि १३) कार्तिक २६, २७ र २८ गते अन्तर्राष्ट्रिय सम्मेलन हुँदैछ । यो भ्रमणले लुम्बिनी प्रदेश सरकार र चीनको सिचुआन प्रान्तबिच पारस्परिक सहयोग तथा सद्भाव थप अभिवृद्धि गर्ने विश्वास लिइएको छ ।

भ्रमणको क्रममा लुम्बिनी प्रदेशको समग्र विकासका योजनालाई अघि बढाउन दुईपक्षिय सहयोग र सहकार्यको बारेमा समेत उच्चस्तरीय भेटवार्ता हुनेछ ।

वि.सं. २०७६ सालमा प्रदेश सरकार र सिचुआन प्रान्तबिच भगिनी सम्बन्ध कायम गरिएको थियो । तत्कालीन मुख्यमन्त्री शंकर पोखेलले सिचुआन प्रान्तबिच भगिनी सम्बन्ध कायम गरेका थिए ।

कृषि, उद्योग, पर्यटनलगायतका क्षेत्रमा लुम्बिनी प्रदेश सरकार र सिचुआन प्रान्तबिच सहयोग आदानप्रदान गर्ने समझदारी भएको थियो ।

# सरकारले एसपीपी सम्झौता गर्न सक्छ : प्रचण्ड



काठमाडौं । नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले वर्तमान सरकारले सत्ता जोगाउन अमेरिकाले प्रस्ताव गरेको स्टेट पार्टनरसिप प्रोग्राम (एसपीपी) सम्झौता गर्न सक्ने आशंका गरेका छन् । विगतमा केपी शर्मा ओलीले सैद्धान्तिक सहमतिसमेत दिइसकेको भन्दै प्रचण्डले अब सम्झौता गर्न सक्ने आशंका गरे ।

मकवानपुरको हेटौंडामा आयोजित पत्रकार भेटघाटमा प्रचण्डले एमसीसीभन्दा एसपीपी अझ गम्भीर प्रकृतिको छ भन्दै एसपीपीलाई पनि अहिलेका प्रधानमन्त्रीजीले अघिल्लोपटक नै सैद्धान्तिक सहमति दिइसकेको उल्लेख गरे ।

यो सरकार नेपालको राष्ट्रिय स्वाधिनताको सौदाबाजी गर्ने, आफ्नो कुर्सी बचाउनको निम्ति राष्ट्रप्रति घात गर्नेतिर अगाडि बढ्ने त होइन भन्दै प्रचण्डले सैद्धान्तिक सहमति आफैं पनि गम्भीर विषय हो । त्यसमा अब सम्झौतै गर्नेतिर जाने हो कि भन्ने स्थिति देखिएको आशंका गरे ।

पूर्वप्रधानमन्त्री प्रचण्डले यस्ता विषयहरुमा जनतालाई सुसूचित गराउने, सतर्क गराउन आवश्यकता रहेको समेत बताए । २०७९ असार २ गते पनि माओवादी केन्द्रका अध्यक्ष प्रचण्डले ओली नेतृत्वको तत्कालीन सरकारले नै एसपीपी सम्झौता गरेको आरोप लगाएका थिए भने तत्कालीन उपप्रधान तथा रक्षामन्त्री ईश्वर पोखरेलले त्यसलाई प्रमाणित गर्न प्रचण्डलाई चुनौती दिएका थिए ।

तर एसपीपीमा सहभागिताका लागि सरकारका तर्फबाट नेपाली सेनाले सन् २०१५ मा पत्र पठाएको थियो । त्यसपछि सन् २०१७ मा पनि अर्को फलोअप स्वरुप सोही व्यहोराको पत्र नेपाली सेनाले पठाएको थियो ।

त्यतिबेला यसबारे विवाद भएपछि नेपाली सेनाले २०७२ को भूकम्पका बेला क्षमता अभिवृद्धिका लागि मात्र अमेरिकी सेनाबाट सहयोग मात्र मागेको स्पष्ट पारेको थियो ।

# चीन र अमेरिकामा राजदूत नियुक्त



बुटवल । राष्ट्रपति रामचन्द्र पौडेडले चीन र अमेरिकाको राजदूत नियुक्त गरेका छन् ।राष्ट्रपति पौडेडले कोप २९ सम्मेलनमा भाग लिन जानुअघि चीनका लागि प्रा.डा कृष्णप्रसाद ओली र अमेरिकाका लागि लोकदर्शन रेग्मी राजदूत नियुक्त गरेका हुन् ।

राष्ट्रपति पौडेलले संविधानको धारा २८२ को उपधारा (१) बमोजिम मन्त्रिपरिषद्को सिफारिसमा उनीहरूलाई राजदूत नियुक्त गरेको राष्ट्रपति कार्यालयकी प्रवक्ता शैलजा रेग्मी भट्टराईले जानकारी दिएकी छिन् ।

१४ साउनमा मन्त्रिपरिषद्ले १७ देशका लागि नेपाली राजदूत सिफारिस गरेको थियो । संसदीय समितिले अनुमोदन गरेर एग्रिमो आएपछि राष्ट्रपति पोडेलले ओली र रेग्मीलाई राजदूत नियुक्त गरेका हुन् ।

# शाइन रेसुङ्गाको लाभांश घोषणा




बुटवल । शाइन रेसुङ्गा डेभलपमेन्ट बैंकले सेयरधनीका लागि लाभांश घोषणा गरेको छ ।

कम्पनीको सञ्चालक समिति बैठकले गत आर्थिक वर्षसम्मको सञ्चित नाफाबाट सेयरधनीलाई ३ प्रतिशत बोनस सेयर र करसहित ५ प्रतिशत नगद लाभांश घोषणा गरेको हो ।

कम्पनीको हाल चुक्ता पूँजी ४ अर्ब ७३ करोड रुपैयाँ छ । आगामी वार्षिक साधारणसभाले पारित गरेपछि सेयरधनीले लाभांश पाउने छन् । गत साता बजार बन्द हुँदा यस कम्पनीको मूल्य प्रतिकित्ता ४८५ रुपैयाँ छ । बुटवलमा केन्द्रीय कार्यालय रहेको शाइन रेसुंगा लुम्बिनी प्रदेशमा केन्द्रीय कार्यालय रहेको एक मात्र राष्ट्रियस्तरको विकास बैंक हो । बैंकको लुम्बिनीमा अन्य सबै बैंकको तुलनामा सबैभन्दा धेरै शाखा, ग्राहक र कारोबार छ ।

आकर्षक डिजाइन तथा छपाई

सबै किसिमका रंगिन तथा सादा
डिजाइनका साथै सम्पूर्ण छपाईको लागि
सधैं हामीलाई सम्झनुहोस्

सम्पर्क:
आइडिया डिजाइनर्स/अफसेट प्रेस
बुटवल–७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:–०७१–५५०२९३
मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

कञ्चन गाउँपालिकाको हार्दिक अनुरोध

-सबै बालबालिकालाई समयमै विद्यालय भर्ना गरी पहुँच सुनिश्चित गरौं ।
- जन्म, मृत्यु, बसाईसराई, विवाह दर्ता, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटना दर्ता समयमै गरौं ।
- पानी उमालेर मात्र पिउने गरौं ।
- वन, वातावरण, वन्यजन्तु र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- आफ्नो गाउँ-एवम् शहर बजार वरपरको वातावरण सफा राखौं ।
- सबैखालका विभेदको अन्त्य गरौं ।
- स्वास्थ्यमा कुनै समस्या देखिए तुरुन्तै नजिकैको स्वास्थ्य संस्थामा जाँच गराउन जाऔं ।
- खुल्ला स्थानमा दिसापिसाव नगरौं, चर्पीमा मात्र दिसापिसाव गरौं ।

कञ्चन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रुपन्देही, लुम्बिनी प्रदेश, नेपाल

ट्वाइलेट सफा गराउनुहोस्
बुटवल सेनेटरी प्रा.लि.
९७४५४०५९७३, ९८०७४०९८५२
सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी
कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस् ।
मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१८५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ वेबसाइडः www. dainiklumbini.com